**Article DOI: https://doi.org/10.3126/jeri.v5i1.88622**

**Journal of Educational Research and Innovation**
A Multidisciplinary Bilingual Journal
ISSN 2631-2336; Volume 5, Issue 1, December 2025, pp. 91-108
Indexed in Nepal Journals Online (NepJOL) JOL

# कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको भाषिक विश्लेषण

**Hari Jung Shah, Muna Shahi**
shahhari2038@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययन कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको भाषिक विश्लेषणमा केन्द्रित छ । शाब्दिक तथ्याङ्कमा आधारित रही तार्किक विश्लेषण गरिकाले यस शोधको ढाँचा गुणात्मक रहेको छ । यस अध्ययनमा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधाहरूमध्ये चार ओटा कथा विधालाई असम्भावनायुक्त उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी नमुना छनोट गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यअन्तर्गत कक्षा छको नेपाली पाठ्यपुस्तकमा रहेका चार कथामा प्रयुक्त शब्दस्रोत र शब्द संरचनालाई भाषिक विश्लेषण गरिएको छ । कथा विधाको भाषिक विश्लेषण गर्दा वर्णनात्मक विधि र तालिकीकरणको उपयोग गरिएको छ । भाषा पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्दहरू सरल हुने हुनाले आधारभूत तहका लागि तद्भव शब्दहरूको बढी प्रयोग गर्न उपयुक्त मानिन्छ । तसर्थ कक्षा छको नेपाली पाठ्यपुस्तकका कथामा पनि तद्भव शब्दको बढी प्रयोग गरिएकाले उक्त कथा शब्दस्रोतका दृष्टिले उपयुक्त रहेको छ । त्यस्तै चारओटा कथा विधामा प्रयोग गरिएका अक्षरहरूको संरचनागत स्थितिको अवस्था अध्ययन गर्दा सबैभन्दा बढी छ अक्षरीको प्रयोग कथामा बढी देखिन्छ भने सबैभन्दा कम एक अक्षरीका शब्द राखिएको छ । भाषिक विश्लेषणको सैद्धान्तिक अवधारणा र प्रकाशन शैलीअनुसार कक्षा छको पाठ्यपुस्तकमा रहेका कथाहरू शब्द स्रोत र शब्द संरचना दृष्टिले उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

**Article Info.**

**Article History**
Received: 31 October 2025
Revised: 4 November 2025
Accepted: 9 December 2025

**Copyright Information**
Copyright 2025 © The author(s).

**Publisher**
Graduate School of Education
Mid-West University
Birendranagar, Surkhet
www.mwu.edu.np

**प्रमुख शब्दावली** : तत्सम, तद्भव, आगन्तुक, शब्द संरचना, भाषिक विश्लेषण ।

## विषय परिचय

पाठ्यपुस्तक शिक्षण सामग्री हो । विद्यार्थीमा रहेको अन्तरनिहित क्षमतालाई प्रस्फुटन गर्नका लागि पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठ्यपुस्तकले सिकाइमा सहयोग पुग्नुका साथै आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन पनि सहयोगी हुने गर्दछ । पाठ्यपुस्तक बालकेन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उद्देश्यमूलक र प्रयोगमुखी क्रियाकलापमा आधारित हुनु पर्दछ । तसर्थ आधारभूत तहको नेपाली पाठ्यपुस्तक पनि सिकाइ र विद्यार्थीको जीवन्त अनुभव बिच तादम्यता कायम गर्दै निर्माण गरिएको छ । उक्त पाठ्यपुस्तकमा भएका विधा तथा विषयवस्तु पनि व्यवहारिक, सामाजिक, जीवनोपयोगी भएकाले पाठ्यपुस्तकलाई प्रभावकारी मानिएको छ । कथाबाट केटाकेटीलाई घटनाक्रम मिलाएर कथा भन्न प्रोत्साहन गर्नु आवश्यक हुन्छ (अधिकारी, २०७१ पृ. २४७) । कथा रोचक एवम् लोकप्रिय साहित्यिक विधा हो । प्रायः सबै उमेरका श्रोता र पाठकका लागि कथा रोचक विधा हो । कथाबाट भाषाका चारवटै सिपको विकास गर्न सकिन्छ । कथा एउटा लोकप्रिय विधा हो । कथा प्राय : सबै उमेरका श्रोता र पाठकका लागि रोचक विधा हो । कथा शिक्षणको मुख्य उद्देश्य जीवन जगतका बाह्य र आन्तरिक पक्षसँग परिचित गराउनु हो । कथाका उपर्युक्त विशेषता र प्रकृतिअनुसार यस विधाको शिक्षणस“ग सम्बन्धित प्रयोजन र शिक्षण प्रक्रियाहरूको आ“कलन गर्न सकिन्छ (शर्मा र पौडेल, २०६८, पृ. २१९) । भाषिक ज्ञान तथा मनोरञ्जन प्रदान गर्नु कथा शिक्षणको प्रमुख प्रयोजन हो । कथा शिक्षण विभिन्न प्रयोजनका लागि गरिन्छ (ओझा र अन्य, २०७६, पृ.२३२) । भाषा शिक्षणमा कथा विधा बढी उपयोगी रहेको छ । सरल विषयवस्तु, वर्णनात्मकता, कथ्यको बाहुल्यता, सरल वाक्यगठन र सरल शब्दको प्रयोगका कारण कथा प्रति विद्यार्थीको रूचि र आकर्षण बढ्छ भने यसका माध्यमबाट भाषा शिक्षण गर्न सरल, सहज र प्रभावकारी हुन्छ ।

भाषिक संरचनाका दृष्टिकोणले अक्षर शब्दभन्दा सानो एकाइ हो । अक्षर अक्षर मिलेर शब्द बन्दछ । शब्द शब्द मिलेर वाक्य बनेको हुन्छ । वाक्य वाक्यको संयोजनबाट अनुच्छेदको विकास हुन्छ । 'अक्षर संरचनाका केन्द्रीय र परिधीय गरी दुई ओटा अवयव हुन्छन् । स्वरवर्ण अक्षर संरचनाको केन्द्रीय अवयव हो । व्यञ्जन वर्णका तुलनामा श्रवणीयताको गुण स्वरवर्णमा बढी हुन्छ । भाषाविज्ञानमा भाषाले जहा“बाट शब्द प्राप्त गर्छ त्यस मुहान वा ठाउँलाई स्रोत वा शब्दस्रोत भनिन्छ । नेपाली भाषाको मूल स्रोत संस्कृत हो । तर संस्कृत बाहेक नेपालीमा विभिन्न भाषाबाट शब्दहरूको प्रवेश भएको छ (गौतम र अन्य, २०७०, पृ. ४१-४३) । शब्द भन्नाले अर्थयुक्त भाषिक एकाइलाई बुझिन्छ (नेपाल र अन्य, २०७७, पृ. १७) । "एक वा एकभन्दा बढी अक्षरहरू मिलेर बनेको स्वतन्त्र ढङ्गले प्रयोग हुन सक्ने सार्थक भाषिक एकाइलाई शब्द भनिन्छ । शब्दलाई पद पनि भनिन्छ । यो स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने भाषाको सानो अर्थपूर्ण एकाइ हो ।" (लुइटेल र लुइटेल, २०६९, पृ. १२) । शब्दहरू बद्ध रूपको मेलबाट बनेका छन् (लम्साल र अन्य, २०७३, पृ. १४४) । शब्द वर्ण र वर्णहरुको समूहलाई शब्द भनिन्छ । शब्द शब्दको अर्थयुक्त एकाइ हो । संस्कृत भाषाबाट जस्ताको तस्तै वा रूप नफेरिईकन नेपाली भाषामा चलेका शब्दलाई तत्सम् शब्द भनिन्छ (सुवेदी र अन्य, २०७२, पृ.१६) । शब्द बनाउने प्रक्रियालाई शब्द निर्माण प्रक्रिया वा शब्द संरचना भनिन्छ । एउटा शब्दमा केही संयोजन गरेर अर्को शब्द बनाउने प्रक्रियालाई शब्द निर्माण भनिन्छ । शब्द

निर्माणका वा शब्द संरचना उत्पादन र रूपायन गरी  दुई ओटा प्रकारहरू छन् । शब्द निर्माणलाई शब्द रचना वा व्युत्पादन पनि भनिन्छ (सुवेदी र अन्य, २०७२, पृ. ३१) ।सामान्ययाः आधारभूत तहको कक्षा छदेखि आठसम्ममा १४ शब्दभन्दा कम शब्द भएका वाक्यहरू उपयुक्त हुन्छन्' (नेपाल सरकार, २०७६, पृ. १७) । यसरी 'अक्षर विभाजन तथा शब्दांश सिलसिलेबारका दृष्टिले आधारभूत तह अन्तर्गत कक्षा पा"च अक्षरभन्दा माथिका पाठ्यपुस्तक र अन्य पाठ्य सामग्रीका शब्दहरू उपयुक्त देखिन्छन् । चौध अक्षर भन्दा माथिका वाक्य पढ्न आधारभूत कक्षाका विद्यार्थीहरूलाई कठिन हुने हु"दा त्यस्ता कक्षामा कम अक्षर भएका शब्दहरू मात्र प्रयोग गर्नु उपयुक्त हुन्छ ।

यस अध्ययनले बाल साहित्यिक विधासँग सम्बन्धित क्षेत्रमा शब्द भण्डारको समुचित प्रयोग प्रति सचेत गराउने हुँदा औचित्यपूर्ण छ । कथा विधामा बालबलिकाहरूको लागि उमेर, कक्षागत तह र मनोवैज्ञानिक विकासलाई दृष्टिगत गरी सकेसम्म सरल, छोटा र मौलिक स्रोतका भाषाशैलीको प्रयोग गर्न सहयोग गरेको छ । यस्ता साहित्यमा कुन स्रोतबाट आएको शब्दको कति प्रयोग गर्ने ? भन्ने बारेमा जानकारी प्राप्त गर्न बाल शब्दभण्डार सम्बन्धी ज्ञानको वृद्धि गर्न, बाल कथाहरू तथा पाठ्यपुस्तकमा प्रयोग हुने कथा, कविता विधाका लागि आवश्यक शब्द संरचना, वाक्य संरचना, शब्दस्रोत, नियन्त्रण गर्नमा लेखक, साहित्यकार, प्रकाशकलाई सहयोग पुग्ने हुँदा औचित्यपूर्ण रहने छ ।

प्रस्तुत अध्ययन आधारभूत तह कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको भाषिक विश्लेषणमा केन्द्रित रहने छ । उक्त आधारभूत तह कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाहरू शब्दस्रोतका दृष्टिले उपयुक्त छन् कि छैनन, बालबालिकाको भाषिक स्तरले वाक्यको संरचना कस्तो छ ? शब्द संरचनाका आधारमा कथाहरू के कसरी राखिएका छन् जस्ता क्षेत्रमा अध्ययन अनुसन्धान हुन बाँकी नै रहेकाले प्रस्तुत अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

भाषिक विश्लेषण भन्नाले कुनै पनि भाषाको संरचना, प्रयोग र विकासको वैज्ञानिक तथा व्यवस्थित अध्ययन गर्ने प्रक्रियालाई बुझिन्छ । यो भाषालाई त्यसको संरचनागत तत्त्वहरू जस्तैः ध्वनि, शब्द, वाक्य र अर्थका आधारमा विभाजन गरी हरेक पक्षको सूक्ष्म अध्ययन गर्ने एक विधि पनि हो । यसको मुख्य उद्देश्य भनेको भाषा कसरी काम गर्छ, मानिसहरूले यसलाई कसरी प्रयोग गर्छन् र यसको अर्थ कसरी निर्माण हुन्छ भन्ने कुराको गहिरो बुझाइ प्राप्त गर्नु हो । विभिन्न आधारमा कथा विधाको भाषिक विश्लेषण गर्न सकिन्छ ।  प्रस्तुत अध्ययनमा भने कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधालाई शब्द स्रोत र शब्द संरचनाका आधारमा भाषिक विश्लेषण गर्नु रहेको छ ।

## अनुसन्धान विधि र प्रक्रिया

कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको भाषिक विश्लेषणमा केन्द्रित रहेको प्रस्तुत अध्ययन भाषिक र शाब्दिक तथ्याङ्कमा आधारित रही तार्किक विश्लेषण गरिएकाले यस शोधको ढाँचा गुणात्मक रहेको छ । कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका सम्पूर्ण विधाहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जस मध्ये कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट चारओटा कथा विधालाई नमुनाको रूपमा लिइएको छ । नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथालाई शब्दस्रोत र शब्द

संरचनाका आधारमा मात्र विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको प्राथमिक स्रोतका रूपमा आधारभूत तह कक्षा छको नेपाली पाठ्यपुस्तकका कथा विधालाई लिइएको छ भने द्वितीय स्रोतका रूपमा कथा विधाको भाषिक विश्लेषणसँग सम्बन्धित विभिन्न अप्रकाशित शोधपत्र, सन्दर्भ पुस्तक, अनुसन्धानात्मक लेख, जर्नल, अनुसन्धानमूलक लेख तथा प्रतिवेदन, पत्रपत्रिका र कक्षा छको नेपाली विषयको पाठ्यक्रमलाई यस अध्ययनमा द्वितीय स्रोतको प्रयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यअन्तर्गत विभिन्न कथामा प्रयुक्त शब्दस्रोत र शब्द संरचना सम्बन्धी कक्षा छको नेपाली पाठ्यपुस्तकको प्रयोग गरी सैद्धान्तिक मान्यतामा आधारित भएर कथा विधाको भाषिक विश्लेषण गरिएको छ । प्रस्तुत कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाको भाषिक विश्लेषण गर्नका लागि कथा विधाको अध्ययन पश्चात् शब्दस्रोत, शब्द संरचना र वाक्य संरचनाका आधारमा शब्द सङ्कलन गरी विभिन्न तालिकामा राखी तार्किक तथ्याङ्कशास्त्रीय विधिबाट व्याख्या र विश्लेषण गरिएको छ । कथा विधाको भाषिक विश्लेषणमा प्राप्त शब्द सङ्ख्याको गणना गर्दा सामान्य वर्णनात्मक, तालिकीकरण विधिको उपयोग गरिएको छ ।

## पाठ्यपुस्तकमा समाविष्ट कथाको भाषिक विश्लेषण

प्रस्तुत अध्ययन कक्षा छको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा विधामा समावेश गरिएका भाषिक एकाइहरू शब्दस्रोत, शब्दसंरचना र वाक्यसंरचनाको विश्लेषणमा केन्द्रित गरिएको छ । यस पाठ्यपुस्तकमा जम्मा १५ ओटा पाठहरू समावेश गरिएका छन् । उक्त पाठहरूमा कथा विधाका पाठहरूलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ । यस पाठ्यपुस्तकमा रहेका चारओटा कथा विधाको छनोट गरी उक्त कथाको भाषिक विश्लेषणअन्तर्गत शब्दस्रोत, शब्दसंरचना र वाक्यको बनोटका आधारमा उद्देश्य अनुसार विभिन्न उपशीर्षकमा राखी निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### शब्दस्रोतका दृष्टिले कथाहरूको विश्लेषण

प्रस्तुत अध्ययनमा समावेश गरिएका कथा विधा कुमार यवक्रीत, चम्किला अनुहारहरू, आशाको दियो, मायाको घर गरी जम्मा चारओटा कथाको भाषिक विश्लेषणका क्रममा शब्दस्रोतका आधारमा निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

#### *कुमार यवक्रीत कथामा प्रयुक्त शब्दस्रोत*

कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको कुमार यवक्रीत कथामा जम्मा ४७९ ओटा शब्दहरू रहेका छन् । उक्त शब्दहरू मध्ये शब्दस्रोतका आधारमा पाठमा नदोहोरिएका मुख्य तत्सम, तद्भव र आगन्तुक शब्दहरूतलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं १**

*कुमार यवक्रीत कथामा प्रयुक्त शब्द*

| तत्सम शब्द | तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|---|
| गङ्गा, रमाइलो, भारद्वाज, जङ्गल, मुनि, चहलपहल, आश्रम, विद्वान, समाधि, चर्चा, ज्ञानगुन,इन्द्र, अनशन, गङ्गास्नान, उज्यालो, दारी, कपाल, कपडा, समाज, मूर्खता, गम्भीर, सङ्कल्प, गुरूकुल, दु:ख | परावसु, नमुद, यवक्रीत, विपना, अठोट, ढोका, पसारो, हठ, दारी, झुत्रेझाम्रे, समााजसेवी, सुटुक्क, विहान, बालुवा, पानी, हात, प्रणाम, आर्शीवाद, बटुवाल, फराकिलो, बलियो पार, समय, श्रम, खर्च, बाबु, खुसुक्क | ठन्डाराम, लड्डु, केष्ट, पसारो, अठोट, पिलिक्क, खुलदुली, फराकिलो, बेकार, बाबु,अक्कल, पुल, हलक्क, ठन्डाराम, जिद्दी, मुठी, बेकार |

| | | |
|---|---|---|
| २४ ओटा | २७ ओटा | १७ ओटा |
| ३५.२९ | ३९.७० | २५.०० |

माथिको तालिकाअनुसार कुमार यवक्रीत कथामा प्रयुक्त शब्दस्रोतका आधारमा अध्ययन विश्लेषण गर्दा जम्मा ६८ वटा शब्दस्रोतगत शब्दहरू राखिएका छन । उक्त कथामा २४ ओटा अर्थात ३५.२९ प्रतिशत तत्सम शब्द, २७ ओटा अर्थात ३९.७० प्रतिशत तद्भव शब्द र १७ ओटा अर्थात २५ प्रतिशत आगन्तुक शब्दहरू राखिएका छन् । माथिको तथ्याङ्क अनुसार तद्भव शब्दको प्रयोग बढी गरिएको छ भने कथामा आगन्तुक शब्दको प्रयोग कम गरिएको पाइन्छ । प्रकाशन शैली (२०७६) का अनुसार आधारभूत तहका पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्द भन्दा तद्भव शब्दहरू बढी प्रयोग गर्नु उपयुक्त मानिन्छ । कक्षा छको नेपाली पाठ्यपुस्तकका कथा विधामा पनि तद्भव शब्दको बढी प्रयोग गरिएकाले कथा विधाहरू शब्द स्रोतका दृष्टिले उपयुक्त रहेका छन् । आधारभूत तह पाठ्यक्रम (२०७७) का अनुसार पाठ्यपुस्तकमा धार्मिक तथा पौराणिक कथालाई पहिलो कथाका रूपमा राखेको छ । यस आधारमा कथा उपयुक्त रहेको छ ।

यसरी समग्रमा कुमार यवक्रीत कथा शब्द स्रोतका दृष्टिले उपयुक्त रहेको छ । विद्यार्थीको रुचि, स्तर र क्षमताअनुसार कथामा शब्दहरू राखिएका छन् । कथा पौराणिक भएकाले आगन्तुक शब्दको कम प्रयोग गरिएको छ । पाठ्यक्रमका आधारमा विद्यार्थीको रुचि लाग्ने खालका भाषाको प्रयोग सरल बनाउने उद्देश्यलाई यस कथाले थप सहयोग गरेको छ । तसर्थ कथा विद्यार्थी क्षमता अनुसारको भाषाशैली, रुचि र वाक्य विन्यास गरिएकाले उपयुक्त रहेको छ ।

**चम्किला अनुहार कथामा प्रयुक्त शब्दस्रोत**

कक्षा छको नेपाली किताबमा समावेश गरिएका कथाहरूमध्ये चम्किला अनुहार कथा पनि एक महत्वपूर्ण मानिन्छ । उक्त कथा सामाजिक कथा हो । यस कथामा जम्मा ५१६ ओटा शब्द राखिएका छन् । यस कथाको अध्ययन र भाषिक विश्लेषणका क्रमलाई हेर्दा शब्दस्रोतका आधारमा प्रयोग गरिएका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगगत स्थितिलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २**

*चम्किला अनुहार कथामा प्रयुक्त शब्द सङ्ख्या र प्रतिशत*

| तत्सम शब्द | तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|---|
| माया, गरिमा, जवाफ, आकृति, प्रहार, हर्जना, चेतावनी, सल्ला, चित्त, कथा, कविता, पुस्तक, अनुहार, आवेश, मुस्कान, ज्योति, विपल, अनुहार, मेला, विद्यालय, उदास, गम्लङ्ग, बाली, पेट, अनुहार, विराम | गाउँ, छाना, पाका, रगत, साना, नानी, घर, आँखा, दिक्दार, थाल, मित्रता, गाई, मालिका, बारी, सखाप, मकै, गोठालो, अत्तोपत्तो, काठ, काम, साँझ, बुबा, आमा, डर, थुरथुर, नोक्सान, बोलचाल, मुटु, पाइला, लम्बनु, रूख, फेद, मुन्टो, वित्था, हात, पाक्नु, सम्झनु, ठुलो, मिठो, चोखो, मिलेमतो, पछुतो, पहाड, बोटविउँ, सिरान, खाजा, छाप, छोरी, अबेर, झोक्का, | मस्त, गजब, हिम्मत, , फाल्सा, गल्ती, काका, आवाज, हावा, आखिर, सखाप |
| २६ ओटा | ५० वटा | १० ओटा |
| ३०.२३ | ५८.१३ | ११.६२ |

माथिको तालिकाअनुसार चम्किला अनुहारहरू कथामा प्रयुक्त शब्दस्रोतका आधारमा प्रयोग गरिएका शब्दहरूको विश्लेषण गर्दा शब्द स्रोतहरूमा जम्मा ८६ ओटा शब्दहरू राखिएका छन् । जसमा २६ ओटा अर्थात ३०.२३ प्रतिशत तत्सम शब्द, ५० वटा अर्थात ५८.१३ प्रतिशत तद्भव शब्द र १० ओटा अर्थात ११.६२ प्रतिशत आगन्तुक शब्द राखिएको छ । उक्त पाठमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको छ ।

प्रकाशन शैली (२०७६) अनुसार आधारभूत तहका पाठ्यपुस्तकका कथा विधामा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्दको बढी प्रयोग गर्नु उपयुक्त मानिन्छ । आधारभूत तहको पाठ्यक्रम (२०७७) अनुसार सामाजिक कथा दोस्रो कथाका रुपामा राखिएको छ । उक्त कथामा सबैभन्दा बढी तद्भव शब्दको प्रयोग गरिएकाले कक्षा छका बालबालिकाका लागि यो बढी उपयुक्त रहेको छ । शिक्षक निर्देशिकाले पनि कथाको शिक्षण सिकाइ सहज हुने भाषाको प्रयोग गर्नमा बढी जोड दिएकाले शिक्षण सिकाइका क्रममा शिक्षकलाई उक्त कथा शिक्षणमा सहज पुगेको छ । यस आधारमा हेर्दा कथाको भाषाशैली भाषिक दृष्टिकोणले उपयुक्त छ ।

***आशाको दियो कथामा प्रयुक्त शब्दस्रोत***

आशाको दियो एक बालमनोविज्ञान कथा हो । यस कथामा बालबालिकाको मनोविज्ञानलाई ख्याल गरी लेखिएको छ । बालबालिका भोलिका आशा र देशका भरोसदार भएकाले बालबालिकालाई ध्यान दिनु उपयुक्त हुन्छ । प्रस्तुत अध्ययनमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाको भाषिक विश्लेषणअन्तर्गत आशाको दियो कथामा प्रयुक्त शब्दस्रोतगत अवस्थालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तलिका नं ३**

*आशाको दियो कथामा प्रयुक्त शब्दस्रोत*

| तत्सम शब्द | तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|---|
| औषधी, वातावरण, नेपथ्य, शिक्षक, रक्षा, रोग, पेट, गुरू, बैकुण्ठ, विद्यालय, उपाय, शीघ्र, प्रवेश, बाध्यता, सन्तान, विरह, पापी, निष्ठुरी, जाति, विद्यालय | आमा, दवाई, चाँडै, लड्नु, सानी, हात, पानी, पटक, निकैबेर, कोल्टे, उठ्नु, छरपस्ट, चिच्याउनु, बाँच्नु, चामल, जाउलो, खानु, फुट्नु, नुन, पकाउनु, पैसा, दश, पाँच, अधुरो, तातो, चिसो, पढाइ, थलो, गर्मी, भिजाउनु, आनन्द, कक्षाकोठा, पोसाक, हल्ला, अचम्म, पोको, मुन्टो, खिल्ली, उठाउन, गरिब, असह्य, गोजी | सिटामोल, बोतल, गिलास, पोसाक, बेन्च, गोजी, मजाक, आवाज, पिर, हिम्मत, मजाक, रूमाल |
| २० वटा | ४३ ओटा | १२ ओटा |
| २६.६६ | ५७.३३ | १६ |

माथिको तालिकाअनुसार आशाको दियो कथामा प्रयोग गरिएका शब्दस्रोतगत स्थिति अध्ययन गर्दा जम्मा ७५ ओटा शब्दहरू राखिएका छन् । जसमा २० वटा अर्थात २६.६६ प्रतिशत तत्सम शब्द, ४३ ओटा अर्थात ५७.३३ प्रतिशत तद्भव शब्द र १२ ओटा अर्थात १६ प्रतिशत आगन्तुक शब्द राखिएको छ । उक्त पाठमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्दको प्रयोग बढी गरिएको छ । यसरी प्रकाशन शैली (२०७६) अनुसार आधारभूत तहका पाठ्पुस्तकका कथा विधामा तद्भव शब्दको बढी प्रयोग गर्न बालबालिकाहरूका

लागि उपयुक्त मानिन्छ । यस आधारमा हेर्दा कक्षा छको नेपाली पाठ्यपुस्तकका कथा विधाको शब्द स्रोत उपयुक्त नै रहेको छ ।

समग्रमा आशाको दियो कथा शब्दस्रोतका आधारमा आगन्तुक र तत्सम भन्दा तद्भव शब्द बढी राखिएको छ । विद्यार्थीले प्रयोग गरिने बालबालिकाको संवादात्मक प्रस्तुति भाषाशैली सरल प्रयोग गरिएको छ । पाठ्यक्रम अनुसार एक ओटा बाल मनोविज्ञानका कथा समावेश गरिने उल्लेख गरिएकाले पनि पाठ्यक्रमलाई ध्यान दिइएको छ । शिक्षणमा कथालाई सहजता प्रदान गर्न आकर्षक रुपमा समावेश गरिएकाले स्तर, क्षमता, रुचि अनुसार उक्त कथाको शब्दस्रोतगत स्थिति उपयुक्त देखिएको छ ।

***मायाको घर कथामा प्रयुक्त शब्दस्रोत***

यो कथा एक सामाजिक कथा हो । यस कथामा जम्मा ६९३ ओटा रहेका छन् । यस कथामा घरको मायाप्रतिको विषयवस्तुलाई समावेश गरिएको छ । यस अध्ययनमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाहरूमा मायाको घर कथामा प्रयुक्त शब्दस्रोत अन्तर्गत तत्सम, तद्भव र आगन्तुक शब्दहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

*मायाको घर कथामा प्रयुक्त शब्दस्रोत*

| तत्सम शब्द | तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|---|
| विद्यालय, तर्कवितर्क, ज्ञानी, अवलोकन, भ्रमण, टिपोट, वृद्धाश्रम, यात्रा, अभिवादन, समूह, प्रश्न, जिज्ञासा, वृद्ध, नातिनी, अत्यन्त, स्वभाव, अनायासै, जिन्दगी, सम्मान, दिन, कथा | माया, घर, बाबु, दूध, हजुरआमा, विहान, प्यारो, नाति, बलियो, पढ्नु, भित्र, जाडो, अबेर, झोला, साथी, मिलन, नयाँ, ठाउँ, रमाइलो, बस्नु, याद, उमेर, बाटो, थकाइ, रमाइलो, सारा, आउनु, मन, मुटु, आँसु, चौतारी, पछुतो, दुःख, नानी, गल्ती, चिन्ता, निन्द्रा, खुसी, खिर | स्वाट्टै, हत्तेरी, डिस्टर्ब, बस, गिलास, स्विटर, गाडी, चस्मा, चकलेट, बुहारी, मुसुक्क, धुमधुमती, पट्यार, अड्डी, गनथन, कचकचे, ढुक्क, धाप, पुलुक्क, मुसुमुसु, झट्ट, कलर, जागिरे |
| २१ ओटा | ३९ ओटा | २३ वटा |
| २५.३० | ४६.९८ | २७.७१ |

माथिको तालिकामा उल्लेख गरिएको तथ्याङ्कलाई विश्लेषण गर्दा मायाको घर कथामा समावेश गरिएको शब्दस्रोतहरूमा जम्मा ८३ ओटा शब्दहरू राखिएका छन् । जसमा २१ ओटा अर्थात २५.३० प्रतिशत तत्सम शब्द, ३९ ओटा अर्थात ४६.९८ प्रतिशत तद्भव शब्द र २३ वटा अर्थात २७.७१ प्रतिशत आगन्तुक शब्द राखिएको छ । उक्त पाठमा तद्भव शब्दहरू सबैभन्दा बढी रहेका छन् भने आगन्तुक शब्दहरू कम प्रयोग गरिएका छन् । प्रकाशन शैली (२०७६) अनुसार आधारभूत तहका पाठ्यपुस्तकका कथा विधामा तद्भव शब्दको बढी प्रयोग गरिनु उपयुक्त हुने भएकाले विद्यार्थीको तह र स्तर अनुसार यो कथा शब्दस्रोतका दृष्टिले उपयुक्त रहेको छ । उक्त कथामा तद्भव शब्दको बढी प्रयोग गरिएकाले आधारभूत तहका कक्षाका विद्यार्थीहरूका लागि उपयुक्त रहेको देखिन्छ ।

**समग्र शब्दस्रोतका आधारमा भाषिक विश्लेषण**

यस अध्ययनको नमुना छनोट गरिएको कक्षा छको नेपाली पाठ्यपुस्तकको चार ओटा कथा विधामा समावेश गरिएका शब्दस्रोतका आधारमा प्रयोग गरिएका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको विश्लेषण निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं.५**


*समग्र कथामा प्रयुक्त शब्दहरूको सङ्ख्या र प्रतिशत विवरण*

| कथा | तत्सम | | तद्भव | | आगन्तुक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| कुमार यवक्रीत | २४ | ३५.२९ | २७ | ३९.७० | १६ | २३.६८ | ६७ | २१.५४ |
| चम्किला अनुहारहरू | २६ | ३०.२३ | ५० | ५८.१३ | १० | ११.६२ | ८६ | २७.६५ |
| आशाको दियो | २० | २६.६६ | ४३ | ५७.३३ | १२ | १६ | ७५ | २४.११ |
| मायाको घर | २१ | २५.३० | ३९ | ४६.९८ | २३ | २७.७१ | ८३ | २६.६८ |
| जम्मा | ९१ | २९.२६ | १५९ | ५१.१२ | ६१ | १९.६१ | ३११ | १०० |

माथिको तालिकाअनुसार कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका चारओटा कथामा जम्मा ३११ ओटा शब्दहरू रहेका छन् । जसमध्ये सबै कथामा तत्सम शब्द ९१ ओटा अर्थात २९.२६ प्रतिशत, तद्भव शब्द १५९ ओटा अर्थात ५१.१२ प्रतिशत र ६१ ओटा अर्थात १९.६१ प्रतिशत आगन्तुक शब्द प्रयोग गरिएको छ । जसमध्ये कुमार यवक्रीत कथामा ६७ वटा  शब्द अर्थात २१.५४ प्रतिशत, चम्किला अनुहारहरू कथामा जम्मा ८६ ओटा अर्थात २७.६५ प्रतिशत, आशाको दियो कथामा जम्मा ७५ ओटा अर्थात २४.११ प्रतिशत, मायाको घर कथामा ८३ ओटा अर्थात २६.६८ प्रतिशत शब्द राखिएको पाइन्छ ।

**चित्र नं. १**

*समग्र कथामा प्रयुक्त शब्दस्रोतको सङ्ख्या र प्रतिशत*




माथि उल्लेखित तथ्याङ्कअनुसार सबै कथाहरूमा तद्भव शब्दको बढी प्रयोग गरिएको छ । जसमा सबैभन्दा बढी चम्किला अनुहारहरू कथामा तद्भव शब्द बढी राखिएको छ । आगन्तुक शब्दको सङ्ख्या

सबैभन्दा कम चम्किला अनुहारहरू कथामा प्रयोग गरिएको छ । भाषा पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्दहरू सरल हुने हुनाले आधारभूत तहका लागि तद्भव शब्दहरूको बढी प्रयोग गर्न उपयुक्त मानिन्छ । तसर्थ कक्षा छको नेपाली पाठ्यपुस्तकका कथा मध्ये चम्किला अनुहारहरू कथामा पनि तद्भव शब्दको बढी प्रयोग गरिएकाले उक्त कथा शब्दस्रोतका दृष्टिले उपयुक्त रहेको छ । प्रकाशन शैली (२०७६) का अनुसार आधारभूत तहका लागि तद्भव शब्दको बढी प्रयोग गर्नु उपयुक्त हुन्छन् । यस आधारमा आधारभूत तह कक्षा छको पाठ्यपुस्तकका कथा विधामा पनि शब्द स्रोतका आधारमा तद्भव शब्द नै बढी राखिएकाले कथाहरू तह अनुसार उपयुक्त नै रहेका छन् ।

## अक्षर संरचनाका आधारमा कथाको भाषिक पक्षको विश्लेषण

अक्षर वर्णभन्दा माथिल्लो एकाइ हो । मानिसको फोक्सोबाट निस्किएको हावाको एक झोक्कामा उच्चारण गर्न सकिने स्वर वा स्वर सहित व्यञ्जन वर्णलाई अक्षर भनिन्छ । अक्षरमा स्वर र व्यञ्जन वर्णहरू हुन्छन । प्रकाशन शैली (२०७६) अनुसार शब्दमा अक्षर सङ्ख्या निर्धारण गर्दा भाषा शिक्षणको सैद्धान्तिक अवधारणाअनुसार सरलबाट जटिलताको क्रममा तल्लो कक्षादेखि माथिल्लो कक्षाहरूमा क्रमश : सिक्न सक्ने गरी प्रयोग गर्नुपर्छ । आधारभूत तह अन्तर्गत कक्षा ६ देखि ८ सम्मका पाठ्यपुस्तकमा ५ अक्षर वा शब्दांश सम्मका शब्दहरूको प्रयोग गर्न राम्रो मानिन्छ । कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाका पाठहरूमा भएका वाक्यहरूलाई संरचनाका आधारमा सरल र जटिल गरी दुई प्रकारमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ ।

### कुमार यवक्रीत कथामा प्रयुक्त अक्षर संरचना

स्वर र व्यञ्जन वर्णका आधारमा अक्षर संरचना निर्माण भएका हुन्छन । उक्त अक्षर संरचनाका आधारमा निमार्ण भएको हुन्छ । भाषास‘‘ग उच्चारण र लेखनका आधारमा यसको प्रत्यक्ष सम्बन्ध रहेकाले यो भाषिक क्षेत्रको पहिलो तहका रूपमा निर्माण भएको हुन्छ । यस अध्ययनमा अक्षर संरचनाका आधारमा कुमार यवक्रीत कथामा प्रयोग गरिएका शब्दहरूलाई निम्नानुसार तालिकामा राखि व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. ६**

*कुमार यवक्रीत कथामा प्रयुक्त अक्षर संरचनाको सङ्ख्यात्मक विवरण*

| अक्षर बनोट प्रक्रिया | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक अक्षरी | २९ | ६.०५ |
| दुई अक्षरी | ७ | १.४६ |
| तीन अक्षरी | १०५ | २१.९५ |
| चार अक्षरी | ९८ | २०.४५ |
| पा‘‘च अक्षरी | १९९ | ४१.५४ |
| छ अक्षरी | ४१ | ८.५५ |
| जम्मा | ४७९ | १०० |

माथि उल्लेखित तालिकामा कुमार यवक्रीत कथामा प्रयुक्त अक्षर संरचनाको अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त कथामा जम्मा ४७९ ओटा शब्दहरू रहेका छन् । ती शब्दहरूमा २९ ओटा अर्थात ६.०५ प्रतिशत एक अक्षरी शब्दको प्रयोग गरिएको छ । त्यसैगरी ७ ओटा अर्थात १.४६ प्रतिशत दुई अक्षरी शब्द, १०५ ओटा अर्थात २१.९५ प्रतिशत तीन अक्षरी शब्द, ९८ ओटा अर्थात २०.४५ प्रतिशत चार अक्षरी शब्द, १९९ वटा अर्थात ४१.५४ प्रतिशत पा“च अक्षरी शब्द र ४१ ओटा अर्थात ८.५५ प्रतिशत छ अक्षरी शब्दको प्रयोग गरिएको छ । यसरी प्रस्तुत तथ्याङ्कलाई हेर्दा कुमार यवक्रीत कथामा सबैभन्दा बढी पाँच अक्षरका शब्दहरू १९९ ओटा अर्थात ४१.५४ प्रतिशत प्रयोग गरिएका छन् भने सबैभन्दा कम दुई अक्षरका शब्दहरू ७ ओटा अर्थात १.४६ प्रतिशत प्रयोग गरिएका छन् । आधारभूत तहको पाठ्यपुस्तकका कथा भएकाले पा“च अक्षरका शब्दहरू बढी राखिनुले कथाको अक्षर संरचना उपयुक्त रहेको छ ।

नेपाल सरकारबाट प्रकाशित प्रकाशन शैली (२०७६) का अनुसार आधारभूत तह अन्तर्गत कक्षा ६ देखि ८ सम्मका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्रीमा पाँच अक्षरका शब्दांश उपयुक्त मानिन्छन् । यस कथामा दुई अक्षरभन्दा बढी र पाँच अक्षरसम्मका शब्दहरू धेरै राखिएकाले उक्त कथा कक्षा छका बालबालिकाका लागि उपयुक्त रहेको देखिन्छ । यस कुमार यवक्रीत पाठमा प्रयोग गरिएका एक अक्षरदेखि छ अक्षरसम्मका शब्दका केही उदाहरणहरूलाई यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

*कुमार यवक्रीत कथामा अक्षर संरचना*

| शब्द | अक्षर संरचना | उच्चारण | अक्षर सङ्ख्या |
|---|---|---|---|
| बिपना | बइ.पअ.नआ. | वि.पना. | तीन अक्षर |
| हलक्क | हअ.लअ.क्अ. | हअ.लक्.कअ. | तीन अक्षर |
| गङ्गास्नान | गअ.ङ्गा.स्अ.नआ.नअ. | गअ.ङ्गा.स्अ.न्आ.न्अ. | पा“च अक्षर |
| टाढा | ट्आ.ढ्आ. | टा.ढा | दुई अक्षर |
| आर्शीवाद | आश्.र्इ.वआ.दअ. | आर्शी.वाद् | दुई अक्षर |
| जोडिएको | ज्ओ.ड्इ.ए.क्ओ. | जोडि.एको. | चार अक्षर |
| बालुवा | बआ.लउ.अआ. | बा.लुआ. | तीन अक्षर |
| पिउन | प्इ.उ.न्अ. | पिउ.न. | तीन अक्षर |
| गिलासमा | ग्इ.ल्आ.स्अ.म्आ. | गि.लास.मा. | चार अक्षर |
| गुरूकुल | गउ.रउ.कउ.लउ. | गुरू.क | तीन अक्षर |
| बोल्दा | ब्ओल्.द्आ. | बोल्.दा. | दुई अक्षर |
| लाग्दा | ल्आग्.द्आ. | लाग्.दा. | दुई अक्षर |
| छ | छ्अ. | छ | एक अक्षर |
| उनी | उ.नई. | उ.नी | दुई अक्षर |
| कुमार | कउ.मआ.रअ. | कु.मार. | तीन अक्षर |
| एक | ए.क्अ. | एक | दुई अक्षर |
| मौसमको | म्उ.स्अ.म्अ.क्ओ. | मौ.सम.को. | चार अक्षर |
| आम्दानी | आम्.द्आ.न्ई. | आम्.दानी | तीन अक्षर |
| पिलिक्क | पइ.लइ.क्अ.कअ. | पि.लिक्क | चार अक्षर |
| नि | न्इ. | नि | एक अक्षर |

| | | | |
|---|---|---|---|
| त | त्अ. | त | एक अक्षर |
| मुस्किल | म्उस्.क्इ.ल्अ. | मुस्.किल. | तीन अक्षर |
| आ“खा | आ.ख्आ. | आ“.खा | दुई अक्षर |

**चम्किला अनुहारहरू कथामा अक्षर संरचना**

कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका चारओटा कथाहरूमध्ये चम्किला अनुहारहरू कथामा प्रयोग गरिएका अक्षर संरचनाको शब्दगत विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ८**

*चम्किला अनुहारहरू कथामा प्रयुक्त अक्षर संरचनाको सङ्ख्यात्मक विवरण*

| अक्षर बनोट प्रक्रिया | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक अक्षरी | ५ | १.१४ |
| दुई अक्षरी | २३ | ४.४३ |
| तीन अक्षरी | ७५ | १४.५१ |
| चार अक्षरी | ११५ | २२.२६ |
| पा“च अक्षरी | २२६ | ४३.७७ |
| छ अक्षरी | ७२ | २३.९४ |
| जम्मा | ५१६ | १०० |

माथि उल्लेखित तालिकामा चम्किला अनुहारहरू कथामा समावेश गरिएका शब्दको अक्षर संरचनाको अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त कथामा जम्मा ५१६ ओटा शब्दहरू रहेका छन् । ती शब्दहरूमा ५ ओटा अर्थात १.१४ प्रतिशत एक अक्षरी शब्द , २३ ओटा अर्थात ४.४३ प्रतिशत दुई अक्षरी शब्द, ७५ ओटा अर्थात १४.५१ प्रतिशत तीन अक्षरी शब्द, ११५ ओटा अर्थात २२.२६ प्रतिशत चार अक्षरी शब्द, २२६ ओटा अर्थात ४३.७७ प्रतिशत पा“च अक्षरी शब्द र ७२ ओटा अर्थात २३.९४ प्रतिशत छ अक्षरी शब्दको प्रयोग गरिएको छ । चम्किला अनुहारहरू कथामा सबैभन्दा बढी पा“च अक्षरी शब्द र सबैभन्दा कम एक अक्षरीका शब्दहरूको प्रयोग गरिएको छ । नेपाल सरकारबाट प्रकाशित प्रकाशन शैली (२०७६) का अनुसार आधारभूत तह अन्तर्गत कक्षा छदेखि आठसम्मका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्रीमा पाँच अक्षरसम्मका शब्दहरू उपयुक्त मानिन्छन् । यस कथामा एक अक्षरका शब्द सबैभन्दा कम छन् भने पाँच अक्षरका शब्दको बढी प्रयोग भएकाले उक्त कथाको भाषाशैली कक्षा छका विद्यार्थीका लागि उपयुक्त रहेको छ ।

यसरी समग्रमा प्रकाशन शैली र पाठ्यपुस्तक शिक्षण गर्ने शिक्षकको धारणालाई प्रस्तुत गर्दा पाठ्यपुस्तकमा सरल र छोटा शब्दहरू वा चार पा“चसम्मका शब्दको मात्र प्रयोग गरिएकाले विद्यार्थीको रुचि, उमेर, स्तर क्षमता अनुसार कथा उपयुक्त रहेको छ । चम्किला अनुहारहरू कथामा प्रयोग गरिएका अक्षर संरचनागत अवस्थालाई उदाहरणका रूपमा निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ९**

*चम्किला अनुहारहरू कथामा प्रयुक्त अक्षर संरचना*

| शब्द | अक्षर संरचना | उच्चारण | अक्षर सङ्ख्या |
|---|---|---|---|
| सखाप | सअ.खआ.पअ. | स.खाप. | तीन अक्षर |
| घर | घअ.रअ. | घर् | दुई अक्षर |
| मालिकलाई | मआ.लइ.कअ.लआ.इ. | मा.लिक.लाई. | पाँच अक्षर |
| जोगाउन | ज्ओ.ग्आ.उ.न्अ. | जोगाउ.न. | चार अक्षर |
| सिरानघरे | सइ.रआ.नअ.घअ.रए. | सिरान.घरे | पाँच अक्षर |
| अगि | अ.ग्इ. | अगि | दुई अक्षर |
| न | न्अ | न | एक अक्षर |
| नजिती | न्अ.ज्इ.त्ई. | न.जिती | तीन अक्षर |
| भेला | भए.लआ. | भे.ला. | दुई अक्षर |
| ओखल | ओ.ख्अ.ल्अ. | ओ.खल | तीन अक्षर |
| निस्किहाल्छ | न्इस्.क्इ.ह्आल्.छ्अ. | निस्.कि.हाल्छ. | चार अक्षर |
| मलिन | म्अ.ल्इ.न्अ. | मलिन् | तीन अक्षर |
| झै | झ्अइ | झै | एक अक्षर |
| म | म्अ | म | एक अक्षर |
| थाहा | थ्आ.ह्आ. | थाहा | दुई अक्षर |
| भन्दा | भ्अन्.द्आ. | भन्.दा. | दुई अक्षर |
| महाराज | म्अ.ह्आ.र्आ.ज्अ. | महा.राज | चार अक्षर |
| कुरा | क्उ.र्आ. | कुरा | दुई अक्षर |
| अब | अ.ब्अ | अब | दुई अक्षर |
| दौरान | द्उ.र्आ.न्अ. | दौ.रान् | तीन अक्षर |
| नै | न्अइ. | नै | एक अक्षर |
| राजा | र्आ.ज्आ. | रा.जा | दुई अक्षर |

**आशाको दियो कथामा अक्षर संरचना**

यस अध्ययनमा कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधा अन्तर्गत आशाको दियो कथामा एक अक्षरदेखि छ अक्षरसम्मका शब्दको प्रयोग गरिएको छ । उक्त कथामा प्रयोग गरिएका अक्षर संरचनागत स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं.१०**

*आशाको दियो कथामा प्रयुक्त अक्षर संरचनाको सङ्ख्यात्मक विवरण*

| अक्षर बनोट प्रक्रिया | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक अक्षरी | २५ | ४.०९ |
| दुई अक्षरी | ६५ | १०.५८ |
| तीन अक्षरी | ११२ | १८.२४ |
| चार अक्षरी | ११३ | १८.४० |
| पाँच अक्षरी | २०१ | ३२.७३ |
| छ अक्षरी | ९८ | १५.९६ |
| जम्मा | ६१४ | १०० |

माथि उल्लेखित तालिकामा आशाको दियो कथामा समावेश गरिएका शब्दको अक्षर संरचनाको अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त कथामा जम्मा ६१४ वटा शब्दहरू प्रयोग गरिएका छन् । जसमा २५ ओटा अर्थात ४.०९ प्रतिशत एक अक्षरी, ६५ ओटा अर्थात १०.५८ प्रतिशत दुई अक्षरी, ११२ ओटा अर्थात १८.२४ प्रतिशत तीन अक्षरी, ११३ ओटा अर्थात १८.४० प्रतिशत चार अक्षरी, २०१ ओटा अर्थात ३२.७३ प्रतिशत पा‘‘च अक्षरी र ९८ ओटा अर्थात १५.९६ प्रतिशत छ अक्षरी शब्दको प्रयोग गरिएको छ । आशाको दियो कथामा अक्षर संरचनाका आधारमा सबैभन्दा बढी पा‘‘च अक्षरका शब्द र सबैभन्दा कम एक अक्षरका शब्दहरूको प्रयोग गरिएको छ । नेपाल सरकारबाट प्रकाशित प्रकाशन शैली (२०७६) का अनुसार आधारभूत तह अन्तर्गत कक्षा छदेखि आठसम्मका पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीमा चार र पा‘‘च अक्षर सम्मका शब्दहरू उपयुक्त मानिन्छन् । यस कथामा पनि पा‘‘च अक्षरसम्मका शब्दहरू धेरै राखिएकाले उक्त कथाको भाषाशैली कक्षा छका विद्यार्थीका लागि उपयुक्त रहेको छ ।

**तालिका नं. ११**

*आशाको दियो कथामा अक्षर संरचनाको अवस्था*

| शब्द | अक्षर संरचना | उच्चारण | अक्षर सङ्ख्या |
|---|---|---|---|
| विद्यालय | वइ.द्आ.लअ.यअ. | वि.द्या.लय. | चार अक्षर |
| मेरो | म्ए.र्ओ. | मेरो | दुई अक्षर |
| बुबाले | ब्उ.ब्आ.ल्ए. | बुबा.ले | तीन अक्षर |
| त | त्अ | त | एक अक्षर |
| गरिब | गअ.रइ.बअ. | ग.रिब. | तीन अक्षर |
| असह्य | अ.सअ.हअ.यअ. | अ.सह्य. | चार अक्षर |
| र | र्अ | र | एक अक्षर |
| राती | र्आ.तइ. | रा.ती | दुई अक्षर |
| लागि | ल्आ.गइ. | ला.गि | दुई अक्षर |
| बासना | ब्आ.स्अ.न्आ. | बास्.ना | तीन अक्षर |
| भिजाउनुहोस् | भइ.जआ.उ.हओ.सअ. | भि.जाउ.नुहोस्. | पा‘‘च अक्षर |
| दुइटी | द्उ.इ.ट्ई | दई.टी | तीन अक्षर |
| बहिनी | ब्अ.ह्इ.न्ई | ब.हि.नी | तीन अक्षर |
| खाना | ख्आ.न्आ | खा.ना | दुई अक्षर |
| आप्ना | आफ्.न्आ | आफ्.ना | दुई अक्षर |
| घिउ | घ्इ.उ | घि.उ | दुई अक्षर |
| ती | त्ई | ती | एक अक्षर |
| खानेकुरा | खआ.नए.कउ.रआ. | खा.ने.कुरा. | चार अक्षर |
| भटमास | भ्अ.ट्अ.म्आ.स्अ | भट्.मास् | चार अक्षर |
| मुखमा | म्उ.ख्अ.म्आ | मुख्.मा | तीन अक्षर |

| | | | |
|---|---|---|---|
| के | क्ए | के | एक अक्षर |
| असल | अ.सअ.लअ. | अ.सल. | तीन अक्षर |
| आ“सु | आ.स्उ. | आ“.सु | दुई अक्षर |

**मायाको घर कथामा अक्षर संरचना**

यस अध्ययनमा कक्षा छको नेपाली किताबमा समावेश गरिएको कथा विधा अन्तर्गत मायाको घर कथामा एक अक्षरदेखि छ अक्षरसम्मका शब्दहरूको प्रयोग गरिएको छ । उक्त कथाको भाषिक संरचनाको सङ्ख्यात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १२**

*मायाको घर कथामा प्रयुक्त अक्षर संरचनाको सङ्ख्यात्मक विवरण*

| अक्षर बनोट प्रक्रिया | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक अक्षरी | ५५ | ७.९३ |
| दुई अक्षरी | ७८ | ११.२५ |
| तीन अक्षरी | १०२ | १४.७१ |
| चार अक्षरी | १६१ | २३.२३ |
| पा“च अक्षरी | २१९ | ३१.६० |
| छ अक्षरी | ७८ | ११.२५ |
| जम्मा | ६९३ | १०० |

माथि उल्लेखित तालिकामा मायाको घर कथामा समावेश गरिएका शब्दको अक्षर संरचनाको अवस्थालाई अध्ययन गर्दा उक्त कथामा जम्मा ६९३ ओटा शब्दहरू प्रयोग गरिएका छन् । जसमा ५५ ओटा अर्थात ७.९३ प्रतिशत एक अक्षरी, ७८ ओटा अर्थात ११.२५ प्रतिशत दुई अक्षरी, १०२ ओटा अर्थात १४.७१ प्रतिशत तीन अक्षरी, १६१ वटा अर्थात २३.२३ प्रतिशत चार अक्ष्ँरी, २१९ ओटा अर्थात ३१.६० प्रतिशत पा“च अक्ष्ँरी र ७८ ओटा अर्थात ११.२५ प्रतिशत छ अक्ष्ँरी शब्दको प्रयोग गरिएको छ । मायाको घर कथामा अक्षर संरचनाका आधारमा सबैभन्दा बढी पा“च अक्ष्ँरका र सबैभन्दा कम एक अक्षरका शब्दहरूको प्रयोग गरिएको छ । प्रकाशन शैली (२०७६) अनुसार पाठ्यपुस्तकका पाठहरुमा आधारभूत तहका लागि पाँच अक्षरसम्मका शब्द उपयुक्त मानिने भएकाले पाठ्यपुस्तकका पाठमा पनि यस मुताविक नै पाठ निर्माण गरिएको छ । यस आधारमा हेर्दा पाठ्यपुस्तकका कथा विधामा प्रयुक्त शब्दहरू भाषिक शैलीका दृष्टिले उपयुक्त छन् । उक्त कथा मायाको घरमा प्रयुक्त शब्द संरचनाका उदाहरण यस प्रकार छन् :

**तलिका नं. १३**

*मायाको घर कथामा अक्षर संरचना*

| शब्द | अक्षर संरचना | उच्चारण | अक्षर सङ्ख्या |
|---|---|---|---|
| हजुरआमा | हअ.जउ.रअ.अआ.मआ. | हजुर.आ.मा. | पा“च अक्षर |
| बलियो | बअ.लइ.यओ. | बअ.लियो. | तीन अक्षर |
| भएका | भ्अ.ए.क्आ. | भए.का | तीन अक्षर |

| | | | |
|---|---|---|---|
| गुडिरहेको | गउ.डइ.रअ.हए.कओ. | थरी.का | पा‘‘च अक्षर |
| नि | न्इ. | नि | एक अक्षर |
| कुरामा | क्उ.र्आ.म्आ. | कुरा.मा. | तीन अक्षर |
| पीडा | प्ई.ड्आ. | पी.डा. | दुई अक्षर |
| उक्त | एक्.त्अ. | उक्.त. | दुई अक्षर |
| रूपमा | र्उ.प्अ.म्आ. | रूप.मा. | तीन अक्षर |
| जिज्ञासा | जइ.ज्ञआ.सआ. | जि.ज्ञाआ.सा. | तीन अक्षर |
| गिलास | गइ.लआ.सअ. | गि.लास. | तीन अक्षर |
| जम्मा | ज्अम्.म्आ. | जम्.मा. | दुई अक्षर |
| आशा | आ.स्आ. | आ.सा. | दई अक्षर |
| काकाको | क्आ.क्आ.क्ओ. | का.का.को. | तीन अक्षर |
| स्वभावकी | सओ.वअ.भआ.कइ. | स्वा.भाव.कइ. | चार अक्षर |
| बसेका | ब्अ.स्ए.क्आ. | बसे.का. | तीन अक्षर |
| ती | त्ई | ती | एक अक्षर |
| न | न्अ. | न | एक अक्षर |
| छ | छ्अ. | छ | एक अक्षर |
| रोबोट | र्ओ.ब्ओ.ट्अ. | रो. बोट. | तीन अक्षर |
| मनासिब | म्अ.न्आ.स्इ.ब्अ. | मना.सिब | चार अक्षर |
| उक्त | एक्.त्अ. | उक्.त् | दुई अक्षर |
| गाउँ | ग्आ.उ. | गाउ‘‘ | दुई अक्षर |
| भाडामा | भ्आ.ड्आ.म्आ. | भाडा.मा. | तीन अक्षर |
| सानो | स्आ.न्ओ. | सा.नो. | दुई अक्षर |

**समग्र कथाको अक्षर संरचनागत स्थिति**

प्रस्तुत अध्ययनमा छनोट गरिएका कक्षा छको नेपाली किताबमा समाविष्ट चारओटा कथाको भाषिक विश्लेषणका क्रममा समग्र कथाको शब्द संरचनागत स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं.१४**

*समग्र कथामा प्रयुक्त अक्षर संरचनागत स्थिति*


| कथा | अक्षर सङ्ख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| कुमार यवक्रीत | ७ | २९ | १०५ | ९८ | १९९ | ४१ | | |
| चम्किला अनुहारहरू | ५ | २३ | ७५ | ११५ | २२६ | ७२ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आशाको दियो | २५ | ६५ | ११२ | ११३ | २०१ | ९८ |
| मायाको घर | ५५ | ७८ | १०२ | १६१ | २१९ | ७८ |
| जम्मा | ९२ | १९५ | ३९४ | ४८७ | ८४५ | २८९ |

माथिको तालिका अनुसार समग्र चारओटा कथा विधामा प्रयोग गरिएका अक्षरहरूको संरचनागत स्थितिको अवस्था अध्ययन गर्दा एक अक्षरी शब्द ९२ ओटा, दुई अक्षरी शब्द १९५ ओटा, तीन अक्षरी शब्द ३९४ ओटा, चार अक्षरी शब्द ४८७ ओटा, पा‘‘च अक्षरी शब्द ८४५ ओटा र छ अक्षरी शब्द २८९ ओटा प्रयोग गरिएको छ । सात अक्षरी र आठ अक्षरी शब्द कथामा प्रयोग गरिएको देखिदैन । सबैभन्दा बढी छ अक्षरीको प्रयोग कथामा बढी देखिन्छ भने सबैभन्दा कम एक अक्षरीका शब्द राखिएको छ ।

**चित्र नं.२**

*समग्र कथामा प्रयुक्त अक्षर संरचना*




माथिको स्तम्भ चित्र अनुसार चारओटा कथा विधामा प्रयोग गरिएका अक्षरहरूको संरचनागत स्थितिको अवस्था अध्ययन गर्दा एक अक्षरी शब्द ९२ ओटा, दुई अक्षरी शब्द १९५ ओटा, तीन अक्षरी शब्द ३९४ ओटा, चार अक्षरी शब्द ४८७ ओटा, पाँच अक्षरी शब्द ८४५ ओटा र छ अक्षरी शब्द २८९ ओटा प्रयोग गरिएको छ । सबैभन्दा बढी पा‘‘च अक्षरका शब्द राखिएका छन् । यस आधारमा हेर्दा कथामा अक्षर संरचना उपयुक्त रहेको छ । यस सम्बन्धी केही शिक्षकका धारणा यस प्रकार छन् :

नेपाल सरकारबाट प्रकाशित प्रकाशन शैली (२०७६) का अनुसार आधारभूत तह अन्तर्गत कक्षा छ देखि आठसम्मका पाठ्यपुस्तकमा चार अक्षरदेखि पाँच अक्षरसम्मका शब्दहरू उपयुक्त हुने भएकाले

उक्त कथाको भाषाशैली कक्षा छको बालबालिकाका लागि उपयुक्त रहेको छ । आधारभूत तहका पाठ्यपुस्तकमा पा‘‘च अक्षरी भन्दा कम अक्षर भएका शब्द आधारभूत तहका लागि उपयोगी हुने भएकाले अक्षर संरचनाका आधारमा कक्षा छको पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू विद्यार्थीका लागि उपयुक्त रहेका छन् ।

## निष्कर्ष

यस अध्ययनमा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधाहरूमध्ये चारओटा कथा कुमार यवक्रीत, चम्किला अनुहारहरू, आशाको दियो, मायाको घर कथालाई छनोट गरी शब्दस्रोत, शब्दसंरचनाका आधारमा व्याख्या र विश्लेषण गर्दा सबै कथामा तत्सम शब्द ९१ ओटा अर्थात २९.२६ प्रतिशत, तद्भव शब्द १५९ ओटा अर्थात ५१.१२ प्रतिशत र ६१ ओटा अर्थात १९.६१ प्रतिशत आगन्तुक शब्द प्रयोग गरिएको छ । जसमध्ये कुमार यवक्रीत कथामा ६७ वटा शब्द अर्थात २१.५४ प्रतिशत, चम्किला अनुहारहरू कथामा जम्मा ८६ ओटा अर्थात २७.६५ प्रतिशत, आशाको दियो कथामा जम्मा ७५ ओटा अर्थात २४.११ प्रतिशत, मायाको घर कथामा ८३ ओटा अर्थात २६.६८ प्रतिशत शब्द राखिएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्दहरू सरल हुने हुनाले आधारभूत तहका लागि तद्भव शब्दहरूको बढी प्रयोग गर्न उपयुक्त मानिन्छ । तसर्थ कक्षा छको नेपाली पाठ्यपुस्तकका कथामा पनि तद्भव शब्दको बढी प्रयोग गरिएकाले उक्त कथाहरू शब्दस्रोतका दृष्टिले उपयुक्त रहेको छ । समग्र चारओटा कथा विधामा प्रयोग गरिएका अक्षरहरूको संरचनागत स्थितिको अवस्था अध्ययन गर्दा एक अक्षरी शब्द ९२ ओटा, दुई अक्षरी शब्द १९५ ओटा, तीन अक्षरी शब्द ३९४ ओटा, चार अक्षरी शब्द ४८७ ओटा, पाँच अक्षरी शब्द ८४५ ओटा र छ अक्षरी शब्द २८९ ओटा प्रयोग गरिएको छ । सात अक्षरी र आठ अक्षरी शब्द कथामा प्रयोग गरिएको देखिदैन । सबैभन्दा बढी पाँच अक्षरीको प्रयोग कथामा बढी देखिन्छ भने सबैभन्दा कम एक अक्षरीका शब्द राखिएको छ । प्रकाशन शैलीका अनुसार विद्यार्थीको रूचि अनुसारका कम अक्षर संरचना भएका शब्द कथा विधामा प्रयोग गरिनु उपयुक्त हुन्छ । लामा शब्दको र लामा वाक्यको प्रयोग गरिनु राम्रो र शिक्षणमा अर्थ बुझाउन कठिन हुने भएकाले सरल वाक्य र कम अक्षर संरचनाका शब्द प्रयोग भएको पाइयो । यसरी सैद्धान्तिक अवधारणा र प्रकाशन शैलीअनुसार कक्षा छको पाठ्यपुस्तकमा रहेका कथाहरू वाक्य शब्द स्रोत र शब्द संरचना दृष्टिले उपयुक्त रहेको पाइयो ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०७१), *समसामयिक नेपाली व्याकरण,* पैरवी प्रकाशन ।

ओझा, रामनाथ र अन्य (२०७६), *नेपाली गद्य, भाषा र साहित्य परिचय,* करूधरा पब्लिकेसन प्रा.लि. ।

गौतम, देवीप्रसाद (२०७०), *स्नातक नेपाली,* विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र अन्य (२०७२), *अनिवार्य नेपाली,* पिनाकल पब्लिकेसन ।

दाहाल, दुर्गाप्रसाद (२०७२), *स्नातक अनिवार्य नेपाली,* किशोर अपसेट प्रेस प्रा.लि. ।

नेपाल सरकार (२०७६), *प्रकाशन शैली,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७३), *नेपाली गद्य र नाटक,* विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्र र लुइटेल, लिला (२०६९), *नेपाली व्याकरण,* रिडमोर पब्लिसर्स एन्डडिस्ट्रिव्युटर्स ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६८), *नेपाली कथा भाग ४,* साझा प्रकाशन ।